# सानीभेरी गाउपालिकामा संचालन गरिने
# पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७६।०८।०८
अध्यक्षबाट प्रमाणिकरण मिति :२०७६।०८।१०

## प्रस्तावना

सानीभेरी गाउपालिकाको पशुपालन व्यवसायलाई लागत सहभागिताका माध्यमबाट व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वस्थ रुपमा उत्पादन, बिक्री वितरण गरी कृषकको आय स्तर सुधार गरी गरिवी न्यूनीकरण, रोजगारी श्रृजना, जमिनको सदुपयोग र चरन क्षेत्रको उपयोग गरि गाउपालिकाको आर्थिक रुपान्तरण गर्न व्यवसायलाई मर्यादित एवं कृषकमुखी बनाउने यस गाउँपालिकाको उद्देश्य परिपूर्तिका लागि संचालन गरिने कार्यक्रमहरु कार्यान्वयन गर्न गराउन आवश्यक भएकोले सानीभेरी गाउपालिकाले यो कार्यबिधि बनाएको छ।

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भ

क)यो कार्यबिधिको नाम ".सानीभेरी गाउपालिकामा संचालन गरिने पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७६" रहेको छ।

ख) यो कार्यबिधि सानीभेरी गाउकार्यपालीकाबाट स्वीकृत भएको मितिबाट तुरुन्त लागु हुने छ।

२.**परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा ,

क)**"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,कर्णाली प्रदेश सम्झनु पर्दछ।

ख) **"गाउपालिका"** भन्नाले सानीभेरी गाउपालिका सम्झनु पर्दछ।

ग) **"निर्देशनालय"** भन्नाले प्रदेश पशुपंछी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ।

घ) **"कार्यबिधि"** भन्नाले सानीभेरी गाउपालिका पशु सेवा कार्यक्रम कार्यान्वयन गर्न बनेको कार्यबिधि २०७६ सम्झनु पर्ने छ।

ङ ) **"समिति"** भन्नाले यस निर्देशिकको दफा ४ वमोजिम गठन भएका समिति सम्झनु पर्दछ।

च) **"कार्यक्रम"** भन्नाले सानीभेरी गाउपालिका पशु सेवा शाखाबाट सशर्त अनुदान वा अधिकार प्रत्यायोजित तथा समन्वयात्मक रुपमा संचालन गरिने सम्पूर्ण कार्यक्रम सम्झनु पर्ने छ।

### ३ उद्देश्य

क. गाउपालिका को विद्यमान पशुपालन नीति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

ख. पशुपंछी तथा मत्स्यपालन कार्यक्रम संचालन गरी उनीहरुलाइ पशुपंछी तथा मत्स्यपालनका क्षेत्रमा सशक्तिकरण तथा मुलप्रवाहीकरण गर्ने।

ग. गाउापालिकामा वसोवास गर्ने जनताको खाद्य तथा पोषण सुरक्षामा टेवा पुरयाउने।

घ.जनतालाई रोजगारीको अवसर श्रृजना गरी आय आर्जनका माध्यामद्धारा जिविकोपार्जनमा सुधार ल्याउने।

ङ. समुदायभित्र पशु सेवा कार्यक्रमलाई मितव्ययी, प्रभावकारी, सरल, सहज र पारदर्शी रुपमा संचालन गर्न।

च."पारिवारिक पोषण ,उत्पादन बृद्धि,व्यावसायिक पशुपालन,रोजगारी र सवृद्धि" को नारालाई आत्मसाथ गर्दै पशुपालनमा वित्तिय लगानी, पशुपालन प्रणालीमा आधारित उद्योग,कृषकहरुको प्रोत्साहन लगायतका कार्यक्रमहरुलाई विशेष महत्वका साथ अघि बढाउन।

### ४. कार्यक्रम कार्यान्वयन संचालन तथा अनुगमन समिति,

यस गाउपालिका वा अख्तियार प्राप्त गाउ स्तर बाट संचालन गरिने कार्यक्रमहरुलाई कार्यान्वयन गर्न निम्न अनुसारको समितिहरु रहने छन।

नरबहादुर पुन
अध्यक्ष

पशु सेवा कार्यक्रम कार्यान्वयन समितिहरु

### ४.१) गाउपालिकास्तरीय पशु सेवा कार्यक्रम कार्यान्वयन निर्देशन समिति,

| | |
|---|---|
| गाउपालिका प्रमुख | अध्यक्ष |
| गाउँकार्यपालिका आर्थिक बिकास समितिको संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सम्बन्धीत विषय विज्ञ | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

### ४.२) गाउपालिका पशु सेवा कार्यक्रम अनुगमन समिति

| | |
|---|---|
| गाउपालिका उपाध्यक्ष | अध्यक्ष |
| शाखा प्रमुख उद्योग पर्यटन वन तथा वातावरण | सदस्य |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| कृषि बिकास शाखा प्रमुख | सदस्य |
| प्रमुख पशु सेवा शाखा | सदस्य सचिव |

### ४.३) प्रस्ताव मुल्यांकन समिति

| | |
|---|---|
| गाउपालिका आर्थिक बिकास समितिको संयोजक | अध्यक्ष |
| सम्बन्धित विषय विज्ञ वा वडा अध्यक्ष | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

माथि उल्लेखित समितिहरुमा आवश्यकत्ता अनुसार बढिमा ४० प्रतिशत नबढ्ने गरि आमन्त्रित सदस्य राख्न सकिनेछ । उल्लेखित समितिको बैठक आवश्यकता अनुसार वस्न सक्नेछ ।

## ५. उल्लेखित समितिहरुका काम कर्तव्य र अधिकार

### ५.१) गाउपालिका पशु सेवा कार्यक्रम कार्यान्वयन निर्देशन समिति

क) गाउपालिका भित्र संचालन गरिने कार्यक्रमहरु कार्यान्वयन गराउन निर्देशन गर्ने ।
ख) अन्तर शाखा समन्वयात्मक भूमिका निर्वाह गर्ने ।
ग) मातहतका समितिहरुको नियमन अनुगमन गर्ने ।
घ) अन्य आवश्यक निर्देशन दिने तथा निति तयार गर्ने ।

### ५.२) गाउपालिका स्तर पशुसेवा कार्यक्रम अनुगमन समिति

क) गाउपालिका भित्र संचालन भएका कार्यक्रमहरुको अनुगमन गर्ने गराउने ।
ख) कार्य प्रगतिको समीक्षा प्रतिवेदन तयारी पृष्ठपोषण दिने ।
ग) कार्यक्रम संचालनको आवधिक अनुगमन गर्ने ।
घ) समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

### ५.३ ) प्रस्ताव मुल्यांकन समिति

कार्यक्षेत्र भित्रका कार्यक्रमहरुको प्राप्त प्रस्ताव आव्हानलाइ मापदण्ड र कार्यविधिको अधिनमा रहि प्राविधिक आर्थिक भौगोलिक र वातावरणीय अनुरुप उत्कृष्ट प्रस्ताव छनौट गरी स्वीकृतीका लागि पशु सेवा कार्यक्रम कार्यान्वयन निर्देशन समितिमा पेशगरी स्विकृत गर्ने ।



नरबहादुर पुन
अध्यक्ष

## ६. कार्यक्रम संग सम्बन्धित निकायहरुको काम कर्तव्य र अधिकारः

### ६.१ गाउपालिका

क) पशु सेवा कार्यक्रमको लागि आवश्यक पर्ने वजेट तथा कार्यक्रमहरु संचालनको लागि आवश्यक पर्ने नीति, रणनीति, आवधिक योजना आदी तयार गर्ने ।
ख) अन्तर शाखा समन्वय गराउने ।
ग) मातहतका निकायलाइ आवश्यक वजेट तथा कार्यक्रम उपलव्ध गराउने ।
घ) मातहतका निकायहरुको अनुगमन गर्ने ।

### ६.२ पशु सेवा शाखा

क) गाउपालिका बाट प्राप्त नीति, कार्यविधि, मापदण्ड र निर्देशनको कार्यान्वयन गर्ने गराउने ।
ख) विषयगत कार्यक्रमहरुको प्रस्तावनाका लागि सूचना प्रकाशन गर्ने ।
ख) प्राप्त प्रस्तावहरुको सुचीकृत गर्ने र मूल्यांकन समितिमा पेश गरी छनौट गर्ने ।
ग) छनौट भएका प्रस्तावहरुलाई यस कार्यविधि र प्राविधिक मापदण्डका आधारमा सम्झौता गरी कार्यान्वयन गर्ने, गराउने ।
घ) संचालित कार्यक्रमको नियमित निरीक्षण अनुगमन गरी माथिल्लो निकायमा प्रतिवेदन पेश गर्ने
ङ) अख्तियारी प्राप्त कार्यक्रमको नियमानुसार भुक्तानी गर्ने र कार्यक्रमको अभिलेखीकरण गर्ने ।
च) अख्तियारी प्राप्त नभएका तर जिम्मेवारीमा आएका कार्यक्रमहरुको कार्य संचालनको निरीक्षण गरी भुक्तानीको लागि सिफारीश गर्ने ।

## ७ कार्यक्रम प्राप्त गर्ने कृषक, समूह, सहकारी, फार्महरुको काम, कर्तव्य र अधिकार

क) प्रस्ताव आव्हानमा उल्लेख भएको मिति, स्थान र समयमा आफुले गर्न चाहेका विषयमा तोकिएको विवरण सहित आवेदन पेश गर्ने । तर प्रस्ताव आव्हान गर्न नपर्ने गरी स्वीकृत भएको कार्यक्रम भएमा सोको लागि तोकिएको मापदण्ड र कार्यविधिमा उल्लेख भएका बुँदाहरुको अनिवार्य पालन गर्नु पर्नेछ । अन्यथा कार्यविधि र मापदण्ड भन्दा अलग किसिमबाट कार्यक्रम संचालन गर्न पेश भएमा मुल्यांकन समितिबाट स्वीकृत हुने छैन ।
ख) आवेदन साथ संलग्न भएका विवरणहरुको आधारमा मुल्याकन हुने भएको र समितिलाइ प्राप्त विवरण प्रति विश्वास नलागेमा स्थलगत अनुमगन समेत गर्ने भएको हुदा स्थलगत अनुगमनबाट झुट्टा विवरण पेश भएको पाइएमा सो प्रस्तावलाई मूल्यांकनमा समावेश गरिने छैन ।
ग) प्रस्ताव साथ पेश भएको कार्य योजना परिमार्जन गर्नुपर्ने भएमा सम्झौता गर्नु पुर्व नै परिर्माजन गरी पेश गर्नु पर्नेछ र सोही अनुसार माग भएका कियाकलाप कार्यक्रम प्राप्त हुने भएकोले कार्ययोजना अनुसार काम गर्नु पर्नेछ । कार्य योजना विपरित काम भएको पाइएमा सो को रकम भुक्तानी हुने छैन ।
घ) कार्यक्रम जुन उद्देश्य प्राप्तीका लागी संचालन गरिएको हो सोही अनुसारको कार्यप्रगति विवरण सम्बन्धित निकायमा तोकिएको समय भित्र पेश गर्नु पर्नेछ । लागत सहभागितमा अनुदान प्राप्त गर्दा सहकारीको हकमा ७० प्रतिशत, समूहको हकमा ६०प्रतिशत ,व्यक्तीगत फार्मको हकमा ५० प्रतिशत दिन सकिनेछ ।
ङ) समयमा कार्य सम्पन्न गरि भूक्तानीको लागि पेश भएका कागजातहरु सक्कल प्रति र नियमानुसारको कर कट्टी गरी पेश गर्नु पर्नेछ । कर कट्टी नगरी पेश भएको कागजातहरुमा नियमानुसार लाग्ने कर अनुदान रकमबाट कट्टी गरी बैंक खातामा भुक्तानी गरिनेछ ।
च) कार्यक्रम स्वीकृत भए पश्चात पूँजीगत खर्च शीर्षकका कार्यक्रमको कम्तीमा ५ प्रतिशत कन्टिजेन्सी र अन्य चालु खर्च शीर्षकका कार्यक्रमहरुको कम्तीमा ५% प्रशासनिक खर्च बापत (अनुगमन, बैठक भत्ता, स्टेशनरी प्रचार प्रसार, सूचना प्रकाशन)मा रकम कट्टी गरी बाँकी रकम मात्र कार्यक्रममा समावेश गरी भुक्तानी गरिनेछ ।



नरबहादुर पुन
अध्यक्ष

## ८. यस कार्यविधि अन्तर्गत संचालन गरिने कार्यक्रमहरु

## ८.१ लागत सहभागितामा संचालित कार्यक्रमहरु

लागत सहभागितामा संचालन गरिने कार्यक्रमहरुको प्राविधिक तथा आर्थिक मापदण्ड निम्न बमोजिम रहेकोछ ।

| विषयगत व्यवसाय | अनुदानमा समावेश गरिने | कार्यक्रम खर्च सहयोग परिधि | कैफियत |
|---|---|---|---|
| व्यवसायिक भेडा/बाखा(व्यक्तिगत कृषककोहकमा कम्तीमा ५० भेडा/ बाखा र समुह सहकारीको हकमा प्रति सदस्य १० भेडा बाखा हुनु पर्ने र समुहमा २० जना सदस्य हुनु पर्ने ) | खोर निर्माण आवश्यक मेशीनरी औजार डिपिड० ट्यांक निर्माण बोका खरिद तथा ढुवानी डाले घाँसको विरुवा भुइ घाँस बाखाको लागि खोप आन्तरीक बाह्य परजिवी नियन्त्रण प्राकृतिक प्रकोप कोष /विमा सुचना बोर्ड | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म वा , प्रति भेडा बाखा रु ४००० को दरले,वा खोर सुधारको लागी भए प्रति कृषक रु.२०००००।सम्म वा लागत अनुमानको ५० प्रतिशतमा हुन आउने रकम मध्य जुन कम हुन्छ सो रकम | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| व्यवसायिक कुखुरा ( लेयर्स | खोर निर्माण, कुखुराको चल्ला खरिद तथा ढुवानी, दाना प्रति चल्ला २ के जी, चल्लाको आवश्यक खोप , आन्तरीक तथा बाह्य परजिवी नियन्त्रण, व्यवसायिक कुखुरा पालन ,सुचना बोर्ड | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म वा खोर सुधारको लागी भए प्रति कृषक रु.१,०००००।सम्म वा लागत अनुमानको ५० प्रतिशतमा हुन आउने रकम मध्य जुन कम हुन्छ सो रकम | स्थानीय दर रेट अनुसार स्टिमेट भएको हुनु पर्ने (लेयर्स कम्तीमा ५०० र स्थानिय कम्तीमा ३०० भन्दा बढी पाल्ने क्षमता भएको हुनु पर्ने |
| व्यवसायिक बंगुर | खोर निर्माण, आवश्यक मेशीनरी उपकरण, विर खरिद तथा ढुवानी, भुइ घाँस,बंगुरको खोप, आन्तरीक तथा बाह्य परजिवी नियन्त्रण,प्राकृतिक प्रकोप कोष / विमा | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म , प्रति बंगुर रु २०,००० का दरले हुन आउने रकम मध्य जुन कम हुन्छ सो रकम | स्थानीय दर रेट अनुसार स्टिमेट भएको हुनु पर्ने,पाठा पाठी उत्पादनको लागि कम्तीमा ५ माउ बंगुर पालेको हुनु पर्नेछ र मासुको प्रयोजनको लागि १५ बंगुर पालेको हुनु पर्नेछ । |
| व्यवसायिक गाई भैसी | गोठ निर्माण, उन्नत गाई तथा भैसी खरिद ढुवानी, राँगो तथा साँढे खरिद तथा ढुवानी, मिल्कीड० मेसीन , मिल्क क्यान , हिव्ल व्यारो डाले घाँस, भुइ घाँस,पशु खोप,आन्तरीक तथा बाह्य परजिवी नियन्त्रण,पशु विमा,सुचना बोर्ड कार्यक्रम अभिमुखिकरण , पव्लीक अडिट, सार्वजानिक सुनुवाइ | गोठ निर्माणका लागी स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म र एक गाई एक माई कार्यक्रम मा प्रति पशु २८,००० का दरले हुन आउने रकम मध्य जुन कम हुन्छ सो रकम | स्थानीय दर रेट अनुसार स्टमिट भएको हुनु पर्ने र कम्तीमा ३ गाई भैसी पालेको हुनु पर्ने । |

सानीभेरी गाउँपालिका

सानीभेरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) नेपाल २०७३

नरबहादुर पुन
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | विषयगत व्यवसायिक तालिम | | |
| व्यवसायिक माछा पालन | माछा पोखरी निर्माण | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म वा प्रति रोपनी ३,००,००० मध्य जुन कम हुछ सो रकम | स्थानीय दर रेट अनुसार स्टिमेट भएको हुनु पर्ने र कम्तीमा २५० व.मी भन्दा माथी को जग्गामा पोखरी निर्माण गर्नु पर्नेछ । |
| वाखा श्रोत विकासको लागि कम्तीमा १०० वाखाहुनु पर्नेछ। सामुदायिक वाखीपालनको लागि कम्तीमा २५० वाखा हुनु पर्नेछ। | तथ्यांक संकलन , वोका खरिद तथा वितरण व्यवस्थापन,आहारा सुधार, , विषालु झार नियन्त्रण, चरन क्षेत्र सुधार, प्राविधिक तालिम, कृषक तालिम, ,औषधी कोष स्थापना ,प्राविधिक खर्च , पशु विमा | स्वीकृत वजेटको परिधिभित्र अधिकतम ५० प्रतिशत सम्म अनुदान सहयोग गर्न सकिने। | स्थानीय दर रेट अनुसारलागत स्टिमेट भएको हुनु पर्ने |

## चरन तथा आहारा सेवा कार्यक्रमहरु

| | | | |
|---|---|---|---|
| घाँस तथा घासे बाली श्रोत केन्द्र | मुल विउ, राइजोवियम | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| घाँस विउ उत्पादन केन्द्र | मुल विउ , राइजोवियम, | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| चरन खर्क सुधार | चरन क्षेत्रको पुर्वाधार विकास | | |
| पशुपंछी खरिद तथा ढुवानी जिल्ला वाहीरवाट ल्याउन | खरिद मुल्य | ढुवानी | |
| गाइ भैसी | प्रति पशु प्रचलीत वजार मुल्य | ५ हजार | जिल्ला वाहीरवाट ल्याउदा |
| राँगो साँढे | प्रति पशु प्रचलीत वजार मुल्य | ५ हजार | जिल्ला वाहीरवाट ल्याउदा |
| बाखा | प्रति बाखा प्रचलीत वजार मुल्य | २ हजार | जिल्ला वाहीरवाट ल्याउदा |
| बोका | प्रति बोका प्रचलीत वजार मुल्य | २ हजार | जिल्ला वाहीरवाट ल्याउदा |



नरबहादुर पुन
अध्यक्ष

| | | | |
|---|---|---|---|
| कुखुरा | प्रति चल्ला प्रचलीत वजार मुल्य | प्रचलित गाडी भाडा अनुसार | जिल्ला वाहीरवाट ल्याउदा |
| बंगुर | प्रति बंगुर प्रचलीत वजार मुल्य | २ हजार | जिल्ला वाहीरवाट ल्याउदा |

## दुध तथा दुध जन्य पदार्थ सम्बन्धि कार्यक्रमहरु

| | | | |
|---|---|---|---|
| डेरी पसल सुधार | डि फ्रीज ५०० लि क्ष, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ०, क्रीम सेपेरटर, पास्चुराइजर, | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| साना डेरी स्थापना | डि फ्रीज ५०० लि क्ष, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ० | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| दुध संकलन केन्द्र स्थापना | डि फ्रीज १००० लि क्ष, ५०० लि क्ष चिलिङ० भ्याट, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ० | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानिय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |

## दुग्ध उद्योग संग सम्बन्धि मेशीनरी सामानहरु

| | | | |
|---|---|---|---|
| दुध चिस्यान केन्द्र स्थापना | भवन निर्माण, डि फ्रीज १००० लि क्ष, चिलिङ० भ्याट १००० लि क्ष, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ० | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| दुग्ध प्रशोधन केन्द्र स्थापना<br><br>स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने | भवन निर्माण, डि फ्रीज २००० लि क्ष, चिलिङ० भ्याट २००० लि क्ष, मिल्क क्यान, ल्याक्टोमिटर, रिकापी कोठाको फिनिसिङ० क्रीम सेपेरटर, पास्चुराइजर, अन्य दुध जन्य उप पदार्थ बनाउने मेसीनहरु | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |



नरबहादुर पुन
अध्यक्ष

## मासु संग सम्बन्धित कार्यक्रमहरु

| | | | |
|---|---|---|---|
| मासु पसल सुधार | कोठाको फिनिसिङ०, डि फ्रीज , मासु काट्ने औजारहरु , ग्याँस, बर्ननर, डेसिङ० मेसीन, डिस्पोजेवल पिठ | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| साना पशु बध स्थल निर्माण सुधार | मापदण्ड अनुसारको पशु बधस्थल भवन , र सो भित्र पर्ने आवश्यक मेसीनरी सामानहरु | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| ठुला पशु बध स्थल निर्माण सुधार | मापदण्ड अनुसारको पशु बधस्थल भवन , र सो भित्र पर्ने आवश्यक मेसीनरी सामानहरु | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| आधुनिक पशु बधशाला निर्माण | मापदण्ड अनुसारको आधुनिक पशु बधशाला, र सो भित्र पर्ने आवश्यक मेसीनरी सामानहरु | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |

## ढुवानी साधन संग सम्बन्धित कार्यकमहरु

| | | | |
|---|---|---|---|
| दुध ढुवानीका साधन | मापदण्ड अनुसार दुध संकलन तथा ढुवानी गर्ने साधन चिलिङ० भ्यान | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| पशु ढुवानीका साधन | मापदण्ड अनुसार पशु ढुवानी गर्ने साधन | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ३० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| मासु ढुवानकि साधन | मापदण्ड अनुसार फ्रोजन मासु ढुवानी गर्ने साधन | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |



नरबहादुर पुन
अध्यक्ष

**पशु पंछी हाट वजार सम्बन्धि कार्यकमहरु**

| | | | |
|---|---|---|---|
| पशु संकलन केन्द | संकलन स्थलको तारवार वाउन्डी वाल, कार्यालय भवन, पानी व्यव्स्थापन , सौचालय, डिस्पोजल पिट, खोर,डुढ | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| साना पशु हाटवजार स्थापना | बजार स्थलको तारवार वाउन्डी वाल, कार्यालय भवन, पानी व्यव्स्थापन , सौचालय, डिस्पोजल पिट, टहरा डुढ | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| ठुला पशु हाटवजार स्थापना | बजार स्थलको तारवार वाउन्डी वाल, कार्यालय भवन, पानी व्यव्स्थापन , सौचालय, डिस्पोजल पिट, टहरा डुढ | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| ठुला ह्याचरी स्थापना | ह्याचरी भवन, कार्यालय भवन, कुखुराको खोर, स्टोर , विद्युत | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| मझ्यौला ह्याचरी स्थापना | ह्याचरी भवन, कार्यालय भवन, कुखुराको खोर, स्टोर , विद्युत | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| साना ह्याचरी स्थापना | ह्याचरी भवन, कार्यालय भवन, कुखुराको खोर, स्टोर , विद्युत | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |



नरबहादुर पुन
अध्यक्ष

## ऊन उत्पादन तथा प्रशोधन केन्द्र

| | | | |
|---|---|---|---|
| ऊन उत्पादन | ऊन उत्पादन व्यवसाय संचालन गर्न आवश्यक पर्ने उपकरण खरिद तथा ढुवानी र ऊन भण्डारणका लागि भौतिक पुर्वाधारका कार्यक्रमहरु समावेश गर्न सकिने छ । | स्वीकृत वजेटको परिधिभित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| ऊन प्रशोधन | ऊन प्रशोधन उद्योगका लागि आवश्यक पर्ने भौतिक पुर्वाधारमा र ऊन तथा ऊन जन्य बस्तु उत्पादनका लागि आवश्यक पर्ने मेशीनरी सामानहरु खरिद तथा ढुवानी गर्ने खालका कायृक्रम संचालन गर्न सकिनेछ । | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| प्रबर्द्धनात्मक पशु श्रोत केन्द | यस कार्यक्रम अन्तरगत प्रबर्द्धन गर्न निश्चित गरिएका पशु पालन व्यवसायमा आवश्यक पर्ने सुचना संकलन, भौतिक पुर्वाधार विकास र मेशीनरी सामानको व्यवस्था गर्न सकिने कार्यक्रम संचालन गरीनेछ । | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टिमेटको अधिकतम ५० प्रतिशत सम्म | स्थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |
| संरक्षणत्मक पशु श्रोत केन्द्र | यस कार्यक्रम अन्तरगत संरक्षण गर्न निश्चित गरिएका पशु पालन व्यवसायमा आवश्यक पर्ने सुचना संकलन, भौतिक पुर्वाधार विकास र मेशीनरी सामानको व्यवस्था गर्न सकिने कार्यक्रम संचालन गरीनेछ । | स्वीकृत वजेटको परिधी भित्र रहि लागत स्टिमेटको अधिकतम ७० प्रतिशत सम्म | थानीय दर रेट अनुसार लागत स्टिमेट भएको हुनु पर्ने |

## लागत सहभागितामा स्थानिय कुखुरा पालन

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | अनुदान | नीजि लागत सहभागिता |
|---|---|---|---|---|
| १. | कुखुराको खोर निर्माण तथा जैविक सुरक्षा | | ८० | २० |
| २. | बारबन्देज (तार, जाली) | | ५० | ५० |
| ३. | स्थानीय श्रोतमा आधारित दाना व्यबस्थापन | | | |
| ४. | आबश्यक औजार, उपकरण खरिद | | ७० | ३० |
| ५. | कुखुराको व्यबस्थापन (सोत्तर, सुली आदि) | | | |

नरबहादुर पुन
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ६. | प्रजनन्को लागि भाल | | ५० | ५० |
| ७. | चल्ला खरिद | | १०० | |

**८.१.१. आय आर्जन सम्बन्धी कार्यक्रम ( गाई, भैसी, ग्रामिण कुखुरा, बाखा, भेडा, बंगुर, माछा )**
यस कार्यक्रममा कानुनी रुपमा दर्ता भएका कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आफुले चाहेको विषयमा पनि आवेदन दिइ कार्यक्रम संचालन गर्न सक्ने छन र यो कार्यक्रम आयआर्जनका लागि मात्र संचालन गरिनेछ। तर यस कार्यक्रममा आवेदन कर्ताले कुल लगानीको कम्तीमा ५० प्रतिशत भौतिक पूर्वाधार र मेसीनरी सामानमा नगद सहभागिता अनिवार्य गर्नु पर्ने छ।

**८.१.२.व्यवसायोन्मुख सम्बन्धी कार्यक्रम ( कुखुरा, भेडा, च्यांग्रा, बाखा, गाइ, भैसी,चौरी, बंगुर, माछा)**
यस कार्यक्रममा सामान्य रुपमा व्यासाय संचालन गरि रहेका तर पूर्ण व्यावसायिक भइ नसकेका कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आफुले चाहेको विषयमा पनि आवेदन दिइ कार्यक्रम संचालन गर्न सक्ने छन र यो कार्यक्रमले व्यावसायिकरण गरी उत्पादनमा टेवा पुर्‍याउनु पर्ने छ। तर यस कार्यक्रममा आवेदन कर्ताले कस्तीमा ३० प्रतिशत नगद सहभागिता अनिवार्य गराउनु पर्ने छ।

**८.१.३. व्यवसायिक सम्बन्धित कार्यक्रम ( कुखुरा, भेडा, च्यांग्रा, बाखा, गाइ, भैसी, चौरी, बंगुर, माछा)**
यस कार्यक्रममा आवेदन गर्न नियमित रुपमा व्यावसाय संचालन गरी राखेका नियमित रुपमा दर्ता नविकरण भएका र उत्पादन गरी विक्री वितरण गरी राखेका विषय लाइ प्रवर्द्धन तथा विविधिकरण गरी वजारीकरण गर्न सक्ने क्षमता भएका कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले कार्यक्रम समावेश गरी आवेदन पेश गर्नु पर्ने छ। तर यस कार्यक्रममा ५० प्रतिशत मात्र अनुदान समाबेश गरीने छ।

**८.१.४. बृहत व्यवसायिक कार्यक्रम ( कुखुरा, भेडा, बाखा, च्यांग्रा, गाइ, भैसी, चौरी, बंगुर, माछा )**
यस कार्यक्रममा छरीएर रहेका विभिन्न व्यावसायलाई एकिकरण गरी बृहत रुपमा सामुहिक पशु पालन वा व्यावसाय संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आफुले गर्न चाहेको कार्यक्रमको व्यावसायिक कार्य योजना सहित आवेदन दिन सक्नेछन तर यस कार्यक्रममा कम्तिमा ५० प्रतिशत स्व लगानी अनिबार्य समोवेश गर्नु पर्ने छ।

**८.१.५. पकेट प्याकेज कार्यक्रम ( कुखुरा, भेडा, बाखा, च्याग्रा, गाइ, भैसी, चौरी, बंगुर, माछा )**
यस कार्यक्रममा एक क्षेत्रमा रहेका एक विषयलाइ प्रवर्द्धन गरी सो विषयका सम्पुर्ण उत्पादनहरुलाइ एकिकृत रुपमा बजारीकरण गर्न र एकल उत्पादनको पहिचान गराउने खालका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुल आवेदन गर्न सक्नेछन तर यसकालागी २५ प्रतिशत नगद लगानी र २५ प्रतिशत श्रमदान समावेश गरी व्यवासायिक कार्य योजना सहीत आवेदन गर्नु पर्ने छ र अनुदान रकम ५० प्रतिशतमा नबढाइ कार्यक्रम संचालन गरिने छ।

**८.१.६. सहकारी मार्फत संचालन गरिने कार्यक्रम ( कुखुरा, भेडा, च्याग्रा, बाखा, गाइ, भैसी, माछा, बंगुर प्रवद्धन)**
यस कार्यक्रममा सहकारी ऐन २०७४ बमोजिम तथा प्रचलित सहकारी मापदण्डका आधारमा रहेका सहकारी संस्थाहरुले आफ्नो कार्यक्षेत्र भित्र नियमानुसार कार्ययोजना बनाइ कार्यक्रम संचालन गर्नका लागि आवेदन दिन सक्नेछन। तर सहकारी संस्थाको नाममा तोकीएर स्वीकृत भएको कार्यक्रम भएमा निर्देशिका, मापदण्ड र कार्यविधिले तोकेका कार्ययोजनामा अनिवार्य समावेस गर्ने पर्ने छ। यस



नरबहादुर पुन
अध्यक्ष

कार्यक्रममा एक अवधिको लागि अनुदान रकम ५० प्रतिशत मात्र उपलब्ध गराइने छ ।

### ८.१.७. पशु आहारा सेवा, चरन विकास तथा घाँस श्रोत विकास विकास कार्यक्रम (घाँस विउ उत्पादन सम्बन्धी कार्यक्रम (डाले घाँस,भुइ घाँस, बहुबर्षिय एक वर्षे )

यस कार्यक्रममा सहकारी पशु आहारामा सुधार गरीने कार्यक्रमहरु जस्तै चरन खर्क सुधार उन्नत घाँस विकास स्थानीय घाँस अनुसन्धान र घाँस श्रोत विकास र घांस विविधीकरण संरक्षण जस्ता कार्यक्रम संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुल आवेदन गर्न सक्नेछन तर यसका लागी भौतिक पुर्वाधार, मेसीनरी सामान र मुल विउ वितरणमा लाग्ने कुन रकमको अधिकतम ५० प्रतिशत मात्र अनुदान उपलव्ध गराइने छ भने अन्य आवश्यक कार्यक्रम र अनुदानमा थप हुने नगद वा श्रम आवेदक स्वयमले सहभागिा गर्नु पर्ने छ । तर अनुसन्धानात्मक कार्यक्रममा प्राविधिक खर्च अनुदानमा समावेश गरिनेछ ।

### ८.१.८. ह्याचरी निर्माण सुधार ( कुखुरा माछा )

यस गाउपालिका कुखुरापालक कृषकलाइ कुखुरा पालन व्यवसायमा सहभागि गराउन चल्ला उत्पादन तथा विकी वितरण गरी यस गाउपालिकालाइ अण्डा तथा मासु उत्पादनमा टेवा पुर्‍याउने उद्देश्यका साथ आर्थिक तथा प्राविधिक रुपले चल्ला उत्पादन गर्न ह्याचरी स्थापना र संचालन गर्न इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आवेदन गर्न सक्नेछन तर यसका लागी भौतिक पुर्वाधार र मेसीनरी सामान खरिदमा अधिकतम ५० प्रतिशत सम्म अनुदान प्रदान गरिने छ र अन्य संचालन र संचालन पुर्वका खर्चहरुमा अनुदान रकम दिइने छैन । यस अनुदानमा निम्न किसिमका ह्याचरी स्थापना तथा स्तरबृद्धिका लागि आवेदन पेश गर्न सकिने छ । तर आवेदनका साथ विस्तृत व्यावसायिक कार्ययोजना अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

क) साना ह्याचरी: प्रतिलट १००० चल्ला सम्म उत्पादन गर्ने उत्पादन क्षमता भएको
ख) मझौला ह्याचरी: प्रतिलट १००० चल्ला भन्दा माथी ३००० सम्म उत्पादन क्षमता भएको
ग) ठुला हयाचरी : प्रति लट ३००० चल्ला भन्दा माथी उत्पादन क्षमता भएको

## ८.२ पशु सेवा बजार प्रबर्द्धन कार्यक्रम संचालन सम्बन्धी

### ८.२.१. संकलन केन्द्र स्थापना संचालन तथा स्तरोनती (दुध संकलन, पशु पंछी संकलन, विउ विजन संकलन )

यस कार्यक्रममा पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थ र पशु उत्पादनका लागि आवश्यक कच्चा पदार्थ संकलन गरि बजार व्यवस्थापन मार्फत उपभोक्ता सम्म पुर्‍याउने उद्देश्य राखी संचालन गरिने कार्यक्रमहरुमा इच्छुक कृषक समुह, समिति, सहकारी, निजी फार्म, उद्योगी, व्यापारी, र सरोकारवाला संघ संस्थाहरुले आवेदन गर्न सक्नेछन तर यसका लागी संकलन केन्द्रमा संकलन का लागि आयात हुने बस्तुको श्रोत तथा परिमाण आवेदन साथ आधिकारिक रुपमा अनिवार्य पेश गर्नु पर्नेछ यसका लागि भौतिक पुर्वाधर, मेसीनरी सामानमा बढीमा ५० प्रतिशत, ढुवानी साधनमा अधिकतम ३० प्रतिशत र एक पटक प्रचार प्रसारको लागि आवश्यक सामाग्री खरीदमा अधिकतम २५ प्रतिशत अनुदान उपलव्ध गराइने छ । बाकी कार्य संचालनका लागि आवश्यक पुँजी अनुदानमा लागत सहभागिता स्वयम आवेदकले बेहोरनु पर्ने छ ।

**आधारहरु :**

**क) दुध संकलन केन्द्र :**

१) यस केन्द्रको ५ कि.मि परिधी भित्र प्रसस्त मात्रामा दुध उत्पादन गर्ने दुग्ध उत्पादक कृषक समुह समिति र सहकारी संस्थाहरुको विवरण ।
२) दैनिक कम्तीमा ३०० देखी ५०० लिटर दुध संकलन गरिनु पर्ने ।
३) आवेदक कानुनी रुपमा दर्ता भएको हुनु पर्ने ।



नरबहादुर पुन
अध्यक्ष

**ख) पशुपन्छी संकलन केन्द्र**

१) यस केन्द्रको ५ कि.मि परिधी भित्रबाट पशु तथा पंछी आउन सक्ने र कम्तीमा संकलनको दिनमा कम्ती १०० भन्दा बढी पशु बस्तुहरु विक्रीका लागि आउन सक्ने ।

२) बर्षै भरी यातायातको सुविधा भएको हुनु पर्ने ।

३) आवेदक कानुनिरुपमा दर्ता भएको हुनु पर्ने छ ।

ग) विउ विजन संकलन केन्द्र

१) यस केन्द्रको ५ कि.मि परिधी भित्रको क्षेत्रबाट विउ विजन उत्पादक कृषक। समुह समिति र सहकारी हुनुपर्ने ।

२) संकलन गरिएको विउ परिक्षण गर्न सक्ने पुर्वाधार हुनु पर्ने ।

३) संकलन गरिएको विउ विक्री हुने स्थान खुलाउनु पर्ने ।

४) आवेदक कानुनी रुपमा दर्ता भएको हुनु पर्ने ।

## ८.२.२ पशु हाट वजार स्थापना संचालन र स्तरोननती (ठुला पशु साना पशु र पंछी )

यस कार्यक्रममा कृषकहरुले पालेका सम्पुण पशुहरु कृषको चाहना अनुसार विक्रीका लागि सहजीकरण गर्न र समयको सदुपयोग गरी बजार विचौलियाहरुले लिन सक्ने फाइदालाई स्वयम कृषकलाइ उचित मुल्य व्यवस्थापन गर्न र पशु खरिद श्रोत केन्द्रका रुपमा विकास गर्ने उद्देश्य लिइ इच्छुक कृषक समुह समिति सहकारी संस्था उपभोक्ता समितिहरुले आवेदन दिन सक्नेछन । यसकालागि आवश्यक भौतिक पुर्वाधार र मेसीनरी सामानहरुमा अधिकतम ५०, ५० प्रतिशत र एक पटक प्रचार प्रसारका लागि अधिकतम ३० प्रतिशत अनुदान प्रदान गरिने छ ।

१) यस केन्द्रको ५ कि.मि परिधी भित्रबाट पशुहरु विक्रीकालागि आउन सक्ने र कम्तीमा संकलनको दिनमा १५० भन्दा बढी पशु बस्तुहरु विक्रीका लागि आउन सक्ने ।

२) बर्षै भरी यातायातको सुविधा भएको हुनु पर्ने ।

३) आवेदक कानुनि रुपमा दर्ता भएको हुनु पर्ने ।

४) स्थानीय गाउँपालिका र पशु सेवा शाखाले समेत सहकार्य गर्न सक्नेछन ।

## ८.२.३ पशु जन्य उत्पादनको विविधीकरण प्रशोधन वितरण सम्बन्धी

यस कार्यक्रममा पशु जन्य उत्पादनको विविधीकरण गरी उप पदार्थ बनाइ विक्री वितरण गर्ने खालका कार्यक्रमहरु पर्दछन यसमा दुध प्रशोधन, मासु प्रशोधन अण्डा संकलन तथा प्याकेजिड० जस्ता कार्यहरु गर्न इच्छुक कृषक समुह समिति सहकारी उद्योगी व्यावसायी संघ संस्थाहरुले आवेदन गर्न सक्नेछन र यसमा भौतिक पुर्वाधार मेसीनरी सामानमा बढीमा ५० प्रतिशत र एक पटक प्रचार प्रसारको लागि बढीमा ३० प्रतिशत अनुदान दिइने छ बाँकी संचालन खर्च र संचालन पुर्वका खर्चहरु स्वयम आवेकले लगानी गर्नु पर्ने छ । आवेदकलाई चाहिने आवश्यक पुर्वाधार र सामानहरुको विवरण विस्तृत कार्ययाजनामा उल्लेख गर्नु पर्ने छ ।

## ८.२.४. साना डेरी स्थापना संचालन र स्तरोन्नती

दैनिक १०० देखि २०० लिटर दुध संकलन गरी विक्री वितरण गर्न सक्ने क्षमता राख्ने व्यक्ति वा संस्थाहरुले साना डेरी स्थापना गर्न र सोभन्दा माथि स्तरोन्ती गरी ५०० लिटर दुध संकलन तथा विक्री वितरण गर्ने क्षमता बृद्धि गर्न आवश्यक पर्ने भौतिक पुवाधार विकास र मेसीनरी सामानहरुमा बढिमा ५० प्रतिशत अनुदान दिन सकिनेछ ।

दुध तथा दुग्ध उत्पादन तथा विविधिकरण कार्यक्रममा लागत अनुदान सहभागि गराउने सामानहरु भौतिक पुवाधारहरु : उद्योगको लागि आवश्यक भवन, पानी व्यवस्थापन , विजुली, फोहर व्यवस्थापन । मेसीनरी सामानहरुः मिल्क क्यान, मिल्कीड० मेसीन, मिल्क एनालाइजर, क्रीम सेपेरेटर, प्याकेजीड० मेसीन, डि फ्रिज, चिलिड० भ्याट ,आइसक्रीम मेकिड० मेसीन ,मिल्क

नरबहादुर पुन
अध्यक्ष

पास्चुराइजर आदी ।
ढुवानी साधन : चिलिङ भ्यान, ह्वील व्यारो आदी

### ८.२.५ डेरी पसल सुधार
संचालन भइ राखेका डेरी पसलहरुलाइ स्वस्थ र स्वच्छ दुग्ध जन्य पदार्थ उत्पादन गरी विक्री वितरण गर्नै उद्देश्यका साथ गरीने कार्यक्रमहरु डेरी पसल सुधार भित्र पर्ने छन । त्यसका लागि डेरी पसल भित्रका मेसीनरी सामानको क्षमता अभिबृद्धि गरी सुधारका लागि मेसिनरी सामानमा ५० प्रतिशत र भौतिक पुर्वाधारमा ५० प्रतिशत अनुदान दिन सकिने छ तर दुग्ध उत्पादक सहकारी संस्था मार्फत संचालन भएका डेरी पसलहरुलाइ अधिकतम ७० प्रतिशतसम्म अनुदान दिन सकिनेछ ।

### ८.२.६ चिस्यान केन्द्र स्थापना
कम्तीमा ३ दुग्ध संकलन केन्द्रको दुधलाइ संकलन गरी मिल्क भ्यान मार्फत अन्य बजार वा दुग्ध वितरण आयोजनामा पठाउनको लागि दुधलाइ गुणस्तर कायम राख्न चिस्यान केन्द्रको स्थापना गर्न आवश्यक पर्ने भौतिक पुवाधार विकासमा ५० प्रतिशत , चिलिङ भ्याटमा बढिमा ७० प्रतिशत र चिलिङ० भ्यानमा ३० प्रतिशत अन्य आवश्यक मेसीनरी सामानमा ५० प्रतिशत अनुदान दिन सकिनेछ ।

### ८.२.७ डेरी उद्योग स्थापना संचालन र स्तरोन्नती
यस कार्यक्रममा दुधबाट उत्पादन गरीने दुग्ध जन्य पदार्थ उत्पादन गरी बजारीकरण गर्ने उद्देश्यले स्थापना भएको डेरी उद्योगलाइ आवश्यक पर्ने भौतिक पुर्वाधार र मेसीनरी सामान हरुमा ५० प्रतिशत अनुदानमा संचालन तथा स्तरोन्नती गर्न सकिने छ ।

### ८.२.८ मासु पसल सुधार (राँगा खसी कुखुरा बंगुर माछा )
सानो तथा ठुला बजार क्षेत्रमा खुद्रा मासु विक्रीको लागि स्थापना भएका मासु पसलहरुलाइ सुधार गरी स्वच्छ स्वस्थ मासु उपभोक्ताहरुलाई विक्री वितरण गर्न सुधार गरीने कार्यक्रमहरु संचालन गर्न सकिनेछ । ।यसका लागि आवश्यक मापदण्डले तोकेका भौतिक पुवाधार र मेसीनरी सामानहरुमा ५० प्रतिशत अनुदान दिन सकिनेछ ।

### ८.२.९.बध स्थल निर्माण तथा सुधार
बजार क्षेत्रका रहेका खुद्रा मासु पसल हरुमा स्वस्थ पशु बध गरी स्वच्छ मासु खुद्रा तथा थोक विक्री गर्न र बजार क्षेत्रको जथाभावी पशु बध गर्ने कार्यलाइ निरुतसाहित गर्ने उद्देश्यले कम्तीमा दैनिक ५ देखि ५० सम्म खसी तथा बंगुर र १ देखि ५ सम्म रागा बध गर्न सक्ने स्थानलाइ बध स्थल भनिन्छ । सोका लागि आवश्यक पर्ने भौतिक पुर्वाधार र मेसिनरी सामानमा ५० प्रतिशत अनुदान दिन सकिनेछ । साथै सहकारी संस्था सामुदायिक संस्थाबाट साझेदारी अनुदान दिन सकिनेछ ।

### ८.२.१०. बधशाला निर्माण तथा सुधार
स्थानीय गाउपालिकाको स्वीकृतिमा आधुनिक स्तरको पशु बधशाला निर्माण गर्न वातावरणीय प्रभाव मुल्यांकन (EIA) बाट अनुकुल हुने स्थान वा क्षेत्रमा यस्ता खालका ठुला तथा साना पशु बधसाला निर्माण गर्न भौतिक पुर्वाधार बढिमा ५० प्रतिशत र मेसीनरी सामानहरुमा बढिमा ७० प्रतिशत सम्म अनुदान दिन सकिने छ । तर वातावरणीय प्रभाव मुल्याकन अनिवार्य गर्नु पर्ने हुन्छ ।

### ८.२.११. मासु प्रशोधन केन्द्र स्थापना
स्वस्थ र स्वच्छ मासुलाइ प्रशोधन गरी मासुजन्य पदार्थ उत्पादन र बजारीकरण गर्ने स्थानलाइ मासु प्रशोधन केन्द्र भन्निछ । यसका लागि आवश्यक पर्ने भौतिक पुर्वाधारमा बढिमा ५० प्रतिशत, मेसीनरी सामानमा बढिमा ७० प्रतिशत र पहिलो पटक प्रचार प्रसारका सामाग्री हरुमा बढीमा ३० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ प्राविधक कर्मचारी र उत्पादनका लागि आवश्यक कच्चा पदार्थ स्वयम लगानी कर्ताले लगानी गर्नु पर्ने छ ।

### ८.२.१२ ऊन उत्पादन संकलन प्रशोधन र बजारीकण
ग्रामिण क्षेत्रमा उत्पादन भएको ऊनलाइ संकलन, प्रशोधन गरी ऊन तथा ऊनजन्य बस्तु राष्ट्रिय तथा अन्तर्राष्टिय स्तरमा बजारीकरण गर्नका लागि ऊन प्रशोधन केन्द्र लागत सहभागितामा स्थापना र



नरबहादुर पुन
अध्यक्ष

संचालन गर्न सकिनेछसो का लागि भौतिक पुर्वाधारमा बढिमा ६० प्रतिशत र भेसीनरी सामानमा ७० प्रतिशत सम्म अनुदान दिन सकिने छ ।

## ८.२.१३ पशु श्रोत केन्द्र स्थापना

कनै एक क्षेत्रमा रहेका पशुहरुलाइ सो क्षेत्रको पहिचान झल्कने गरी एक श्रोतकेन्द्र वा पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न निम्न बमोजिमका पशु श्रोत केन्द्र संचालन गर्न सकिनेछन ।

क) प्रबर्द्धनात्मक पशु श्रोत केन्द्र

यस श्रोत केन्द्रमा पशु जनघनत्वको आधारमा सबै भन्दा बढि भएका वा गुण र दोषका आधारमा पहिचान भएका पशुहरुलाई प्रबर्द्धन विकास गरी सो क्षेत्र सोही पशुको श्रोत हुने किसीमले कार्यक्रम संचालन गरिन्छ र सो पशुसंग आवद्ध अन्य व्यवसाय पनि संचालन गर्न सकिने छ । जस्तै गुणको श्रोत वोयर बाखा र दुध उत्पादनका लागी गाइ भैसी क्षेत्र आदी

ख) संरक्षणत्मक पशु श्रोत केन्द्र

यस श्रोत केन्द्रमा जैविक गुणले महत्वपुर्ण भएका तर हाल जनघनत्व घट्दो कममा रहेका पशुहरुको संरक्षण गर्नका लागि कार्यक्रम संचालन गर्न सकिने छ जस्तै, पारकोटे भैसी, स्थानीय कुखुरा, स्थानीय बंगुर आदी ।

माथि उल्लेखित प्राविधिक तथा आर्थिक मापदण्डका अधिनमा रही कार्यक्रम संचालन गरिनेछ ।

यो कार्यबिधि अन्तर्गत रही सञ्चालन गरिने क्रियाकलापहरु निम्न अनुसार हुनेछन् ।दलित लक्षित गाई भैसी भेडा/बाखा कुखुरा बंगुर पालन कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु

# ९ पशु सेवा कार्यक्रमका प्राविधिक मापदण्डहरु

## क) पशु सेवा कार्यक्रम संचालन गर्न आर्थिक कार्यविधि

| सि.नं. | **विवरण** | **प्राविधक नर्मस** | **आर्थिक नर्मस** |
|---|---|---|---|
| **१.** | तथ्यांक संकलन | कर्मचारी खटेमा तोकिए बमोजिम र करारबाट तथ्यांक संकलन गरेमा द्वितिय स्तर दैनिक भत्ता | प्रचलित आर्थिक कार्यविधि मा तोकिए अनुसार |
| **२.** | समुह गठन तथा परिचालन | गठन | प्रति समूह रु ३००० |
| | | परिचालन | प्रति समूह रु २००० |
| ३. | फिल्ड अनुगमन | खटिएको कर्मचारीले पाउने दैनिक तथा भत्ता | प्रचलित आर्थिक कार्यविधिमा तोकए अनुसार |
| ४. | प्याकेज कार्यक्रम सन्चालन | आवश्यक सुचना प्रकाशन | प्रति प्याकेजको चालु खर्चको २ प्रतिशत |
| | | आवश्यक फारम छपाई | |
| | | अन्य स्टेशनरी | |
| | | अन्य मसलन्द सामान | |
| **५.** | **स्थलगत विषय विषयक तालिम १ दिने** | **सहभागी स्टेशनरी** | **प्रति सहभागि रु १००** |
| | | **खाजा** | **प्रति सहभागि रु २००** |
| | | **अन्य मसलन्द** | **रु १५००।** |
| | | **प्रशिक्षक भत्ता** | **रु ७००।** |
| | | **कार्यपत्र** | **रु ८००।** |
| **६.** | **पूर्व व्यावसायिकरण तालिम ३ कार्य दिन** | **सहभागी स्टेशनरी** | **प्रति सहभागि रु १००** |
| | | **खाजा** | **प्रति सहभागि रु २००** |

नरबहादुर पुन
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | अन्य मसलन्द | रु १५००। |
| | | प्रशिक्षक भत्ता | रु ७००। |
| | | कार्यपत्र | रु ८००। |
| ७. | व्यावसायिक तालिम ६ कार्यदिन | सहभागी स्टेशनरी | प्रति सहभागि रु १०० |
| | | खाजा | प्रति सहभागि रु २०० |
| | | अन्य मसलन्द | रु २५००। |
| | | प्रशिक्षक भत्ता | रु ७००। |
| | | कार्यपत्र | रु ८००। |
| ८. | औद्योगिकरण तालिम ६ दिन | सहभागी स्टेशनरी | प्रति सहभागि रु १०० |
| | | खाजा | प्रति सहभागि रु २०० |
| | | अन्य मसलन्द | रु ३५००। |
| | | प्रशिक्षक भत्ता | रु ७००। |
| | | कार्यपत्र | रु ८००। |
| ९. | पशु खोप | पि.पि.आर. | प्रति डोज रु ५। |
| | | खोरेत | प्रति डोज रु १०। |
| | | जे.ई. | प्रति डोज रु २५। |
| | | एच.एस.बि.क्यू. | प्रति डोज रु १५। |
| | | रेबिज | प्रति डोज रु १००। |
| | | कुखुराका खोपहरु | प्रति डोज रु १०। |
| १०. | पशु उपचार सेवा | ठूला पशु | प्रति डोज रु १०। |
| | | साना पशु | प्रति डोज रु ५। |
| | | पन्छिहरु | प्रति डोज रु ५। |
| | | कुकुर,बिरालो | प्रति डोज रु २५। |
| | | घोडा खच्चड | प्रति डोज रु २५। |
| | | | |
| ११. | प्रयोगशाला सेवा | पारासाइटोलोजिकल | प्रति पशु रु १० |
| | | पिसाव परिक्षण | प्रति पशु रु १० |
